## जिल्ला विकास समितिको कार्यालय, रुपन्देही

१०३. **कार्यक्रम पारित** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८(१)(क) अनुसार जिल्ला विकास समितिले पेश गरेको बजेट, योजना तथा कार्यक्रम आगामी वर्षको लागि जिल्ला परिषद्बाट पारित गराउनुपर्ने र दफा २२२(३) अनुसार पारित बजेटको अधिनमा रही जिल्ला विकास समितिको निर्णयले खर्च गर्न सकिने व्यवस्था रहेको छ । यो वर्ष जिल्ला परिषद्बाट कार्यक्रम पारित नगरी खानेपानी आत्मनिर्भर कार्यक्रममा रु.६ लाख ६७ हजार, खानेपानी (५०/५०) तर्फ रु.५ लाख ९ हजार, मानव शंसाधन तथा क्षमता अभिवृद्धि कार्यक्रममा रु.३ लाख ४२ हजार समेत रु.१५ लाख १८ हजार खर्च गरेको छ ।

१०४. **आवधिक योजना** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ र नियमावली, २०५६ को नियम १९८बमोजिम प्रत्येक जिल्ला विकास समितिले आफ्नो क्षेत्रको विकासको लागि कम्तिमा ५ वर्षको लागि आवधिक योजना तयार गर्नुपर्ने र त्यस्तो योजनाको दीर्घकालीन उद्देश्य र कार्यनीति उल्लेख गरी भौतिक पूर्वाधार, सेवा सुविधा, स्रोत परिचालन, आय आर्जनको सम्भावना, सरकारी एवं निजी क्षेत्रको सहभागिता लगायत आफुले गर्नुपर्ने कार्य समावेश हुनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले तदनुरुपको योजना बनाएको छैन ।

१०५. **भाडा एवं मर्मत संभार** – यो वर्ष कार्यालय भवन तथा कर्मचारी/पदाधिकारी आवास प्रयोजनको लागि रु.५ लाख ७५ हजार खर्च गरेको छ । त्यसरी भाडामा लिएका घरहरुको मर्मत एवं रङ्गरोगनको लागि सम्झौता विपरीत रु.१ लाख १८ हजार खर्च लेखेको छ ।

१०६. **भुक्तानी बाँकी** – गत वर्षको भुक्तानी बाँकीको प्रमाणित अभिलेख बेगर यो वर्ष एक परामर्शदातालाई निर्माण कार्यको सुपरभिजन गरे बापत २०६०।११।२४ देखि २०६१।८।२४ सम्म ९ महिनाको मासिक रु.३६ हजारका दरले रु.३ लाख २४ हजार खर्च लेखेको नियमसम्मत् देखिएन ।

१०७. **न्यूनतम मूल्याङ्कन** – २०६१।६२ मा बालुवा गिट्टी ठेक्काको लागि न्यूनतम अङ्क रु.८ करोड ९९ लाख तोकेकोमा यो वर्ष रु.६ करोड ३५ लाख न्यूनतम अङ्क कायम गरी रु.६ करोड ५८ लाख ५६ हजारको आय ठेक्का बन्दोवस्त गरेको छ । विगतको भन्दा रु.२ करोड ६४ लाख घटाई न्यूनतम अङ्क कायम गर्नुको प्राविधिक एवं बस्तुनिष्ठ आधार पेश भएन ।